# पार्टी र भूमिगत शैली



झपेन्द्र जीसी
केन्द्रीय अनुशासन आयोग सदस्य

निरङ्कुश राजतन्त्र र निर्दलीय पञ्चायतको अन्त्यका खातिर कसरी पार्टी सङ्गठन निर्माण गरियो भन्नेबारे धेरै युवालाई थाहा छैन। निर्वासित र देशभित्र भूमिगत रहेर जनतालाई कसरी जागृत गरियो, आन्दोलनको आँधीबेहरी सिर्जना गरियो, योद्धाहरूले कसरी लडाइँ गरे, त्यस्तो लडाइँ लड्न भूमिगत नेता–कार्यकर्ताले कस्ता–कस्ता कष्टकर भूमिका निर्वाह गरे, आजका पुस्ताले अवगत हुने अवसर पाएका छैनन्। भान्छा कसरी तयार भयो र त्यसका लागि चामल, दाल, तिउन–तरकारी, नुन–मसला, बेसार, कति राखियो, इन्धन–दाउरा कहाँबाट कसरी जोहो गरियो– भान्छा तयार गर्ने भान्छे र सामग्री जुटाइदिनेलाई मात्र थाहा हुन्छ।

भान्छामा बसेर खाँदा खूब स्वादिलो भयो भनेर प्रशंसा गर्न यो वा त्यो पुगेन भनेर रेख लगाउन सजिलो हुन्छ, तर स्वादिलो भान्छा तयार गर्न त गाह्रो छ। प्रसूतिलाई मात्र प्रसूति वह व्यथाको थाहा हुन्छ। जुत्ताले कहाँ च्वास्स च्वास्स घोँच्छ भन्ने कुरा जुत्ता लाउनेलाई मात्र थाहा हुन्छ।

**भूमिगत शैली भनेको के हो ?**

कम्युनिस्ट पार्टी स्थापना हुनुभन्दा पहिले अवस्थामा निरङ्कुश राणातन्त्रको अन्त्य र नागरिक अधिकार बहालीका लागि कमरेड पुष्पलाल नेपाली राष्ट्रिय काङ्ग्रेसमा संलग्न भई कार्यालय सचिवको हैसियतले पार्टी सञ्चालन गरिरहेका बेला काङ्ग्रेसजस्ता पुँजीवादी पार्टीबाट साँचो नागरिक अधिकार बहाली नहुने, सामन्तवाद र दलाल नोकरशाही पुँजीवादी व्यवस्था रहिरहने ठहर गरी त्यसबाट अलग भएर २२

अप्रिल १९४९ मा कलकत्ताको श्याम बजारस्थित नवीन सरोकार गल्लीमा श्रमजीवी वर्गको मुक्तिका लागि नेपाल कम्युनिस्ट पार्टीको स्थापना भूमिगत रूपमै गर्नुभएको हो।

भूमिगत कार्यशैली भनेको आतङ्कित र भयभीत भई लुक्ने भन्ने होइन। फेरि नेतृत्व तह भूमिगत बस्ने एवं कार्यकर्ता र जनतालाई उकासेर निरङ्कुश शासकहरूका विरुद्ध लड्न प्रेरित गर्नु पनि होइन। भूमिगत शैली भनेको त परिस्थितिजन्य शैलीको विषय हो।

वाक्, प्रेस, सभा तथा सूचना सम्प्रेषण र प्रकाशनको स्वतन्त्रता छ भने त्यहाँ भूमिगत शैलीको जरुरी पर्दैन। त्यस्तो स्थितिमा पनि भूमिगत शैली अवलम्बन गर्नु भनेको जनतालाई आडम्बर देखाउनु मात्र हो। नेपालमा अहिले पनि मशालका नेता मोहनविक्रम सिंहको भूमिगत शैली यस्तै आडम्बरयुक्त छ। आफ्नो पार्टी सरकारमा संलग्न हुने, आफ्नी श्रीमतीलाई सांसद बनाउन काङ्ग्रेस, माओवादीजस्ता पार्टीसँग गठबन्धन गर्ने अनि आफू भूमिगत बस्नुको कुनै औचित्य पुष्टि हुँदैन।

## भूमिगत र भूमिगत कार्यशैलीमा भेद

हेमाङ्गराज अधिकारी, बद्रीविशाल भट्टराईको प्रयोगात्मक नेपाली शब्दकोशमा भूमिगत शब्दलाई– 'भूमिगत जल वा राजनीतिक अदृश्य वा गुप्त रूपमा बसेको वा राजनीतिक वा अदृश्य आपराधिक कारणले सार्वजनिक रूपमा नदेखिएको, गुप्त रूपमा बसेको वा भूमिगत भएर राजनीति सञ्चालन गर्दै आएको आदि' भनेर परिभाषित गरिएको छ। कम्युनिस्ट पार्टीको भूमिगत शैली भनेको आपराधिक क्रियाकलाप गर्न होइन। यो त विशुद्ध रूपमा आमूल राजनीतिक, आर्थिक र सामाजिक परिवर्तनकै लागि हो।

पद्धति भनेको अर्को अर्थमा प्रणाली हो। महान् लक्ष्य प्राप्तिका लागि कसरी सुरक्षित हुने, कहाँ बस्ने, कहाँ खाने ? होटलमा जाने कि नजाने ? कुन कार्यकर्तासँग कसरी भेट्ने, साङ्गोपाङ्गो प्रणालीलाई भूमिगत कार्यशैली या पद्धति भनिन्छ। भूमिगत शैली र पद्धति भनेको निश्चित व्यक्तिसँग, निश्चित ठाउँ र समयमा भेटघाट, मिटिङ बैठक गर्ने, विचार आदान–प्रदान गर्ने र उनीहरूमार्फत आधारभूत वर्ग समुदायमा राजनीति सचार गर्ने र सङ्गठित गर्ने सुरक्षित तरिका हो।

## पुँजीवादी पार्टी र कम्युनिस्ट पार्टीको कार्यशैलीमा भेद

१९९३ मा टङ्कप्रसाद आचार्यको नेतृत्वमा नेपाल प्रजापरिषद् स्थापना गरी १९९७ सालमा नागरिक अधिकार बहालीका लागि राणाशासनविरुद्ध पर्चा छर्ने काम

भयो। उत्साही र प्रतिबद्ध युवाहरू शुक्रराज शास्त्री, धर्मभक्त माथेमा, २०–२१ वर्षे युवा गङ्गालाल श्रेष्ठ, दशरथ चन्द आदि अत्यन्तै सक्रिय थिए। शुक्रराज शास्त्रीले गीताको माध्यमबाट नागरिक अधिकारका लागि लड्नु पर्छ भनेर असन–इन्द्रचोकमा प्रवचन दिएका थिए। राज्यद्रोहको गम्भीर अपराध गरेको ठहर गरी प्रधानमन्त्री जुद्धशमशेरले शुक्रराज र धर्मभक्तलाई फाँसीमा लट्काएर तथा दशरथ चन्द र गङ्गालाललाई गोली हानेर मृत्युदण्ड दिने फैसला गरेका थिए। नेपाल आमाका चार सपुतलाई नरशमशेरले मृत्यु दण्ड दिएका थिए।

तदुपरान्त देशभित्र रहेका नेता–कार्यकर्ताले लुकेर छिपेर काम गर्नुपर्ने आवश्यकता देखियो। २००७ सालमा नेहरुको संयोजनमा राजा, राणा र काङ्ग्रेसका बीच दिल्ली सम्झौता भएपछि राजा त्रिभुवनले फागुन ७ गते गौचर विमानस्थलमा घोषणा गरे– 'अबउप्रान्त नेपालको शासन व्यवस्था जनताले निर्वाचन गरेको गणतन्त्रात्मक संविधान अनुसार हुनेछ।' मोहनशमशेरको नेतृत्वमा सरकार गठन भयो, जसमा गृहमन्त्री बीपी भए। तर विभिन्न पार्टीहरू र जनताले दिल्ली सम्झौता धोका हो भन्दै विरोध गरे। केआई सिंहले दिल्ली सम्झौता धोका हो, सिंहदरबारमा झण्डा गाड भनेर आन्दोलित भए। तर आन्दोलनलाई कहाँ बैठान गर्ने उनीसँग कुनै योजना थिएन। केआई सिंह साहसी त थिए। तर सङ्गठन थिएन, योजना र शैली थिएन, दीर्घकालीन र तात्कालिक लक्ष्य उद्देश्य थिएन। उनको कार्यशैली तातै खाऔँ, जल्दै मरौँ जस्तो कार्यशैली हो। यसलाई बुर्जुवा कार्यशैलीको नमुनाका रूपमा बुझ्न सकिन्छ। सबैले नभए पनि अधिकांशले स्वीकार गर्न सक्ने अवस्था सिर्जना भएको भए सिंहदरबारमा झण्डा गाडको नारा राम्रै हुने थियो। सिंहदबारमा गई केही समय कुर्सीमा बसे। तर नतिजा टिकेन। यता कम्युनिस्ट शक्तिमाथि प्रतिबन्ध लगाउने निहुँ मिल्यो काङ्ग्रेसलाई। नेकपामाथि मातृका कोइराला सरकारले प्रतिबन्ध लगाइदियो। केआई सिंह त भागेर भीर पहाड जँघार तर्दै चीन पुगे, तर त्यसको असर नेकपामाथि पऱ्यो। २०१३ सालमा टङ्कप्रसाद आचार्यको नेतृत्वमा सरकार गठन गरेपछि मात्र यो प्रतिबन्ध हट्यो।

यसरी नेपाली काङ्ग्रेसले प्रजातन्त्र आइसकेपछि आन्दोलनको सहयोद्धा नेकपामाथि प्रतिबन्ध लगाएर प्रजातन्त्रको मुखुण्डो उदाङ्गो पारेर देखाइदियो।

२००८ देखि २०१३ सम्म के नेकपा हातमा दही जमाएर चुपचाप बस्यो त ? होइन, प्रतिबन्धित कालमा देशका विभिन्न जिल्ला र गाउँ सहरमा अखिल नेपाल किसान सङ्घ र अन्य जनवर्गीय सङ्गठनका नामबाट सुदखोरविरोधी, फटाहाविरोधी,

भ्रष्टाचारविरोधी आन्दोलन भए। 'फटाहाले फटाही छोड्, नत्र हाम्रो गाँवै छोड' जस्ता आन्दोलन भए, जस्तो कि पाल्पामा भएको रुके मुखियाविरोधी आन्दोलन।

प्रतिबन्धित भए पनि जुनजुन जिल्लामा नेकपाले भूमिगत शैलीबाट आन्दोलन चलायो, ती ती जिल्लामा २०१५ सालको आमनिर्वाचनमा नेकपाले विजय हासिल गऱ्यो। जसअनुरूप पाटनबाट तुलसीलाल अमात्य, पूर्वी पाल्पाबाट कमलराज रेग्मी, रौतहटबाट हरदयाल महतो र मोहम्मद फारुकी प्रतिनिधि सभा सदस्यमा निर्वाचित भए।

त्यसैले भूमिगत कार्यशैली भनेको शक्ति सञ्चय गर्दै, जनताविरोधी राज्य प्रणालीलाई भित्रभित्रै कमजोर बनाउनु हो। निरङ्कुश राज्य प्रणालीका हाँगाबिंगा मात्र होइन, जरै उखेल्नु हो। नेपाली जनताले २०६५ जेठ १५ मा राजतन्त्रलाई नागार्जुन जङ्गलस्थित दुर्गमा थन्काउन सक्षम भए। २०७२ साल असोज ३ गते जारी गणतन्त्रात्मक संविधानले राजतन्त्रलाई सदाका लागि बिदा गरिदियो। यसका लागि नेपाल कम्युनिस्ट पार्टीका नेता–कार्यकर्ताहरूले अवलम्बन गरेको कडा भूमिगत कार्यशैलीको महत्त्वपूर्ण भूमिका छ।

२०१३ सालमा प्रतिबन्ध हटेपछि पार्टीकै नामबाट खुल्ला रूपमा सङ्गठन निर्माण, परिचालन, प्रचार अभियान र अन्य व्यवस्थापन गरियो। २०१७ सालमा राजा महेन्द्रले संसद् विघटन गरी सबै दलमाथि प्रतिबन्ध लगाए। नेपाल कम्युनिस्ट पार्टीले फेरि कडा भूमिगत शैली अवलम्बन गरेर अघि बढ्यो। पार्टीका संस्थापक महासचिव पुष्पलालजस्ता नेताहरू त निर्वासित नै हुनुपर्ने अवस्था आयो भने देशभित्रका नेता–कार्यकर्ताहरूले कम्युनिस्ट आन्दोलनको फिलिङ्गोलाई आ–आफ्नो ढङ्गले बचाए। त्यो उच्च खालको भूमिगत शैली नै थियो। राजाको प्रतिगामी कदमलाई समर्थन गर्ने डा. केशरजङ्ग रायमाझी पक्षधर कतिपय व्यक्ति र समूहसँग समेत सुरक्षित रहँदै काम गर्नुपर्ने शैली अवलम्बन गर्नु पऱ्यो।

तेस्रो राष्ट्रिय महाधिवेशनपछि पनि पार्टीले गति नलिएको अवस्थामा पार्टी सङ्गठनलाई गति दिन, नेपाल कम्युनिस्ट आन्दोलनलाई पुनर्गठित गर्ने उद्देश्यले पुष्पलालको अगुवाइमा तेस्रो राष्ट्रिय सम्मेलन भयो। आमजनतासमक्ष पार्टीलाई पुऱ्याउन महासचिव पुष्पलालले १/३ सर्कुलर जारी गर्नुभयो भने पार्टीलाई किसानका बीचमा बसोवास गराऔँ भन्ने आह्वान गर्नुभयो।

यस बखत कार्यकर्ता र जनतामा उत्साह जागृत भएकै हो, तर त्यो उत्साहले निरन्तरता पाउन सकेन। केही नेताहरूको महत्त्वाकाङ्क्षाले पुष्पलालको गढ मानिएको

लुम्बिनीमा आत्मगत शक्तिलाई ख्याल नगरी सदरमुकाम घेराउ र अर्घाखाँचीमा त 'मनी एक्सन'जस्ता कार्यक्रम हुँदा पार्टीलाई क्षति गऱ्यो। लुकेर छिपेर क्रियाकलाप गरिए पनि यसले पार्टीलाई अघि होइन, पछाडि धकेल्यो।

झापा आन्दोलनले कम्युनिस्ट आन्दोलनको शैथिल्य र निष्क्रियतालाई चिर्दै शोषक सामन्तको मुटुमा ढ्याङ्ग्रो ठोक्ने काम गऱ्यो। देशव्यापी रूपमा युवा, शोषित–पीडित, श्रमिक–मजदुर र किसानलाई उत्साहित गऱ्यो। आन्दोलनमा सरिक योद्धाहरूलाई निरङ्कुश पञ्चायतले निर्मम दमन गऱ्यो, पाँच जना योद्धालाई जेल सार्ने निहुँमा सुखानीको जङ्गलमा लगी हत्या गऱ्यो।

भौतिक रूपमा जमिन्दारलाई कारबाही नगरौँ भन्ने मत राख्ने केपी शर्मा ओली र अन्य नेताहरूलाई आजीवन जेल सजाय तोक्यो। जेल र जेलभित्रको सेलमा गलफन्दी भोग्न बाध्य नेताहरू १४/१५ वर्षपछि रिहा भए। आत्मगत शक्ति बलियो नहुँदै र पश्चिम बङ्गालका चारु मजुमदारको लाइनबाट प्रभावित भएर एक्सनमा उत्रने शैलीले घाटा पऱ्यो।

अखिल नेपाल कम्युनिस्ट क्रान्तिकारी को–अर्डिनेसन कमिटी (कोके) र त्यससँग विचार र शैलीमा असहमति भए पनि पछि सुधार्न सकिएला भन्ने ठूलो ह्याउका साथ मुक्ति मोर्चाका कमरेडहरूको एकता र उहाँहरू लगायतका नेताहरू सम्मिलित भई २०३५ पुस ११ मा गठन भएको नेकपा (माले) नेपाली कम्युनिस्ट आन्दोलनमा महत्त्वपूर्ण क्रान्तिकारी घटकका रूपमा स्थापना भयो। त्यही नै आज कम्युनिस्ट आन्दोलनको मूल प्रवाह (नेकपा एमाले)का रूपमा विकास भएको छ।

नेकपा (एमाले) चानचुने हिसाबले आजको बृहत् स्वरूपको शक्ति र मूल प्रवाहका रूपमा स्थापित हुन सकेको होइन। यसका लागि हजारौँ हजार नेता–कार्यकर्ताले अहम् भूमिका निर्वाह गरेका छन्। भूमिगत शैलीलाई अवलम्बन गरेर किसान, मजदुर, व्यापारी र देशभक्त उद्यमी व्यवसायी, शिक्षक, प्राध्यापक, बुद्धिजीवी, कानुन व्यवसायी, मिडियाकर्मी, नर्स, चिकित्सक समेतले सेल्टर तथा गाँस, बास, कपास दिएर पार्टी निर्माणमा भूमिका निर्वाह गरेका छन्।

सेल्टरदाताको घर वा कोठा साँघुरा हुन सक्छन्। तर, पार्टी बनाउनुपर्छ, क्रान्ति गर्नैपर्छ, जनवादी गणतन्त्र र समाजवाद ल्याउनैपर्छ भन्ने भावनाले ओतप्रोत भएका बा–आमाहरूका, नव दम्पतीहरूका र युवाहरूका मन आकाशझैँ फराकिला थिए।

ती फराकिला मनहरूले भूमिगत नेता–कार्यकर्ताहरूका लागि भातभान्सा गराउने मात्र होइन, कठ्याङ्ग्रिने ठिहिरेटोमा आफू सुत्ने बिस्तरा, सिरक, डसना सबै दिएर आफूहरू कष्टकर ठण्डा चिसो ओडेर रात बिताउनुपरेको थियो। उनीहरूले त्यसो नगरेको भए, भूमिगत नेताहरूको आश्रय हुने थिएन। यस्ता आश्रयबिना पार्टी निर्माण भएर जनताको मत सङ्ख्याका हिसाबले सबैभन्दा ठूलो पार्टी नेकपा (एमाले) निर्माण हुन सक्ने थिएन। आन्दोलनमा नेतृत्वदायी र सहभागिताका हिसाबले सबैभन्दा ठूलो पार्टी बन्न र धेरै सङ्ख्यामा जनतालाई उपस्थित गराउन सक्ने थिएन।

## सूचना र सम्पर्क व्यवस्था

युद्ध, क्रान्ति र आन्दोलनमा विजय हासिल गर्न सूचना सम्पर्क व्यवस्था चुस्त दुरुस्त हुनुपर्छ। तत्कालीन नेकपा (माले) ले यसको अवलम्बन गरेको थियो।

कुनै सेल्टरमा भूमिगत नेता–कार्यकर्ताभित्र बसिरहेका बेला पार्टी शैलीबारे नबुझेका पाहुना वा विरोधी कुनै मान्छे आए भने, दिनभरि दिसापिसाब गर्न नपाउँदा भूमिगत नेता–कार्यकर्तालाई कस्तो अप्ठेरो पर्दो हो होला ? घरभित्र पार्टीका जिम्मेवार नेताहरूको बैठक बसिरहेका बेला दिनभरि बस्ने गरी कुनै पाहुना आई बसे भने सेल्टरदातालाई कति समस्या भयो होला ? सूचना सम्पर्क व्यवस्था भूमिगत कालमा कहाँ कसरी गरिन्थ्यो होला ? आजका युवा पुस्तालाई यसबारे थाहा नहुनु स्वाभाविकै हो।

रुसी बोल्सेविक क्रान्तिका बेला तरकारी र फलफूल बिक्री गर्ने एक जना बुढी आमाले जेलभित्र रहेका राजबन्दीहरूलाई आवश्यक सूचना कसरी दिन्थिन् ? बडो रोचक कथा छ। उनले तरकारीभित्र सानो कागजमा लेखेको चिठी जेलभित्र पठाउने गर्थिन्, जुन चिठी कम्युनिस्टहरूले कोड भाषामा लेखेर दिएका हुन्थे। ती बुढी आमैबाट अत्यन्त प्रभावित भएर म्याक्सिम गोर्कीले ‘आमा’ उपन्यास लेखे। जुन उपन्यास विश्व साहित्यको अब्बल दर्जाको पर्दछ। भूमिगतशैलीको यो एउटा नमुना हो।

पाल्पा जिल्लामा २०४६ सालपूर्व तत्कालीन नेकपा (माले)का ठूलठूला भेला, बैठक, सम्मेलन अधिवेशनहरू मदनपोखरा, गल्धा आदिमा भए। ती बैठकहरू किसानहरूकै घरमा सम्पन्न भए। प्रशासनले हेर्दा र देख्दा सेल्टरदातालाई राजनीतिक मान्छे भनेर शङ्का पनि नगर्ने। यी कार्य सम्पन्न गर्नमा महिला कमरेडहरूको अहम् भूमिका रहेको थियो। प्रहरी प्रशासनका सुराकीहरू वा नचिनेका मानिसहरू आउँछन् कि भनेर आश्रयघर र नेता कमरेडहरूको सुरक्षाका खातिर मदनपोखरामा कमरेड

सिद्धिनाथ ज्ञवालीले बाल सूचना गार्डको गठन गर्नुभएको थियो। त्यसमा रूपेन्द्र जीसी, राजेन्द्र भण्डारी लगायत बालक थिए। मदनपोखराका पश्चिमी र उत्तरी नाका, सिद्धार्थ राजमार्गको नयाँ पाटी नाका, गैराबारी नाका र बाँसटारी नाकामा उल्लिखित बाल गार्डहरूले गुर्जोको पाङ्ग्रो लौरामा जोडेर (मोटर) गुडाउँदै सुरक्षाको भूमिका निर्वाह गर्दथे। प्रहरी प्रशासन वा त्यस्तो खालको प्रतिक्रियावादी खेमाको शङ्कास्पद मान्छे मदनपोखरातिर प्रवेश गऱ्यो भने तीन जनामध्ये कोही दौडेर तोकिएको सम्पर्क व्यक्तिलाई तोकिएको स्थानमा गई सूचना दिने व्यवस्था मिलाइएको हुन्थ्यो। यस्ता भेला, बैठक, सम्मेलन र अधिवेशनमा कमरेड मदन भण्डारी, झलनाथ खनाल, केपी शर्मा ओलीसमेतको पटक–पटक उपस्थिति रहेको थियो। प्रदीप नेपाल, ईश्वर पोखरेल, गोपाल शाक्यहरूको त बाक्लो उपस्थिति र नेतृत्व रहने हुँदा उहाँहरूको भूमिगतशैली र पद्धतिका बारेमा बढी व्याख्यान गर्न परेन। कमरेड सिद्धिनाथ ज्ञवाली र विष्णु पौडेलहरू त मदनपोखराकै नागरिक जस्तो हुनुहुन्थ्यो।

भूमिगतकालमा सूचना आदानप्रदान गर्नु अत्यन्त कठिन कार्य थियो। महिला र पुरुष किसान, मजदुर, विद्यार्थी, बुद्धिजीवी, शिक्षक, प्राध्यापकहरू नै त्यतिबेला पार्टीका हुलाकी थिए। डोकोमा तिहुन, तरकारी, दूध बजारसम्म बिक्री गर्न लैजानेहरू, जसलाई देख्दा राजनीतिक मान्छे जस्ता लाग्दैनथ्यो, उनीहरूले नै र पार्टी निर्माण र बचाउमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका थिए।

२०४६ मा सम्पन्न हाम्रो पार्टीको पाँचौँ राष्ट्रिय महाधिवेशनपछि पार्टीले क्षेत्रीय अधिवेशनहरूको आयोजना गऱ्यो। हाम्रो लुम्बिनीको क्षेत्रीय अधिवेशनको थलो मदनपोखरा छनोट भयो। म पनि अन्य जिल्लामा पूर्णकालिक र आफ्नो जिल्ला र मदनपोखरामा भूमिगत शैलीबाट खुल्ला काम गर्दथेँ। सेल्टरमा केपी शर्मा ओलीलाई पुऱ्याउने जिम्मा मलाई पऱ्यो। उहाँ १४ वर्ष जेल बसेर निस्कनु भएको नेता भएकाले प्रतिक्रियावादी र पुलिस प्रशासनले राम्रै चिनेको नेता हुनुहुन्थ्यो।

सेल्टर त सिद्धार्थ राजमार्ग नयाँपाटीदेखि करिब एक किमिको दूरीमा थियो। तर सुरक्षाका खातिर त्यो बाटो उज्यालोमा लैजाँदा कहाँ लैजाने, उहाँ को हो भनेर सोधपुछ गर्ने। मैले रात परेपछि बुटवलबाट बसमा ल्याएर बाँसटारी तिन्टीआँप र तिन्टीआँपबाट केशव भट्टराईको घर खर्केडाँडा लगेको थिएँ। उहाँको त्यतिखेर पार्टी नाम अविरल थियो। उहाँ नसाको गम्भीर रोगी हुनुहुन्थ्यो। रात परेपछि हिँड्न गाह्रो हुन्थ्यो। खुट्टा लर्खराउने गर्दथ्यो। मैले कहीँ पिठ्युमा बोकेर, कहीँ हातमा झ्याङ्कुटी पारेर गन्तव्य स्थलमा पुऱ्याएको स्मरण हुन्छ। उहाँलाई तिन्टीआँप र तिन्टीआँपबाट खर्केडाँडा

लैजाँदा बगैंचामा चुक घोप्टाएझैँ अन्धकार थियो। टर्चलाइट बाल्न पनि भएन। आफूले हलो जुवा बोकेर गाउँबेसी गर्ने, धान पराल बोक्ने बाटो भएकाले मैले ओली कमरेडलाई घ्याम्मै काँधमा राखेर उकालो बाटो लगेको थिएँ। यसरी नै चौलानी गैरा जङ्गलतिरको बाटो पकलुवा झार्दा पनि त्यसै गरेको थिएँ। म बलियै थिएँ। मेरो बल, बुद्धि र भूमिगतशैलीलाई राम्ररी प्रयोग गरेको थिएँ।

२०४५ सालको कुरा हो, अर्घाखाँचीमा भूमिगत काममा जुट्दा एकदिन म बलकोट दुन्द्रुकका ध्रुव पाण्डेको घरमा बस्ने गरी जाँदै थिएँ। एक जना पन्थी थरका काङ्ग्रेस साथीले सर कहाँबाट आउनु भयो, जाऊँ आज मेरै घरमा बसौँ भन्नुभयो। मलाई फसाद पऱ्यो। पश्चिम आकाशतिर घाम दुई जुवाजति थिए। 'साथी, राम्रै भन्नुभयो, तर मेरो इमर्जेन्सी काम छ। आज खर्ज्याङसम्म पुगेँ भने भोलि घर पुग्छु।' यसो भन्दै म हिँडे। म त्यस रात ठूलाखर्क घनश्याम ज्ञवालीको घरमा गई बसेँ। यसो गर्नुको अर्थ ध्रुवजीको घरमा राजनीतिक नेता–कार्यकर्ताहरू आएर बस्दा रहेछन् भन्ने कुराको सुईको एक कान दुई कान मैदान नहोस् भनेर नै हो।

रामप्रसाद भट्टराई र म भार्से, ग्वाघा हुँदै जीवराज आश्रितको घर नजिक एक जना सेल्टरदाता आमाको घरमा गई भातभान्सा गऱ्यौँ र त्यहाँबाट जीवराजको घर नजिकै सुत्ने मनसायले हिँड्यौँ। चकमन्न अँध्यारो रात भए पनि टर्चलाइट बाल्न मनाही थियो। टर्चलाइटमा रुमाल बाँधेर जुनकिरीको जस्तै उज्यालो निकालेर ओरालो हिँड्दै थियौँ। हाम्रो पछिपछि एउटा ठूलो उज्यालोको फोक्का देखियो। हाम्रो बाटो डाङडुङ्गे 'ड' जस्तै बाङ्गोटिङ्गो थियो। त्यो उज्यालोको फोक्का त हाम्रो पछिपछि आइरह्यो। लौ, अब आज गिरफ्तार भइने भयो भन्ने मनले ठहर गऱ्यौँ। तर करिब १० मिनेट जतिपछि त त्यो उज्यालो फोक्का गोरेटोदेखि बाहिर गयो। हामी हिँड्दै सुस्तरी खित्का नछोडी हाँस्यौँ। त्यो त अलि ठूलो खालको जुनकिरी पो रहेछ। सधैँ हिँडेको बाटो पनि कहिलेकाहीँ बिरानो हुँदो रहेछ।

दलबहादुर राना मगर र म पूर्वी पाल्पाको भेला बैठक गरी फर्कंदै थियौँ। यो २०४३ सालको जनपक्षीय निर्वाचन अर्थात् पञ्चायती चुनावमा हस्तक्षेप गर्ने तयारीको बेला थियो। हामी त हिँड्दा हिँड्दै हरायौँ। पारितिर गाउँबस्ती देखिन्थे। हामी मध्यरातमा वनभित्र थियौँ। टर्च बालौँ 'लौ डाँका वा चोर आयो गुहार गुहार भनी चिच्याउँछन् कि भन्ने डर' भयो। त्यसैले दुवै जना त्यो ठण्डी जाडोमा कुक्रुक्क परेर बस्यौँ। बिहान भएपछि तानसेनतिर हिँडियो।

मैले यहाँ आफ्नो एउटा अनुभव र अनुभूति भन्नैपर्छ। २०४६ फागुन ७ गते संयुक्त जनआन्दोलनको सुरुआती दिन कम्युनिस्ट र काङ्ग्रेसको झण्डा फहराउन जरुरी थियो। पाल्पा जिल्लाको सन्दर्भमा भन्ने हो भने काङ्ग्रेस भनेर चिनिएको जानिएको नेता पाउन सकिएन। मैले हाल कपिलवस्तुका प्रदेश सभाका सदस्य विष्णु पन्थी र तुङ्गभद्र भुसालहरूलाई खटाएर नेविसङ्घका नेता विधान श्रेष्ठलाई ल्याउन भनेँ। नेकपा (माले)का नेता कुलप्रसाद नेपालले महिला, विद्यार्थी र किसानहरूको जुलुसको नेतृत्व गर्नुभएको थियो। यो पनि भन्नैपर्छ, आफूलाई काङ्ग्रेसको ठूला नेता ठान्ने हरि नेपालहरू त्यस जुलुसमा सहभागी हुन आएनन्।

२०४६ फागुन ७ का दिन आन्दोलनमा सहभागी हुनेहरूलाई प्रहरीको भ्यानमा समाती समाती कोच्ने केही बजारबासीहरू २०४६ चैत २७ गते त १२ हातभन्दा ठूला चारतारे ब्यानर लिएर टुँडिखेल मञ्चमा पुगेर भाषण ठोकेको देखेँ। म त भूमिगत, भूमिगत पार्टी सञ्चालक कार्यकर्तालाई मञ्चमा जाने आदेश थिएन। कुलप्रसादजी जानु भयो।

म टुँडिखेलको उत्तरी किनारामा अलिपरै हाल नगरपालिका कार्यालयको डिलमा बसेर भाषण सुनिरहेँ। आन्दोलनमा सहभागी नहुने मात्रै होइन, आन्दोलनका विरोधीहरूले समेत रातारात आन्दोलनकारी बनेर चारतारे झण्डा ओढेर हामीले प्रजातन्त्र ल्यायौँ भन्ने भाषण गरे। मलाई कताकता लाज लाग्यो, आन्दोलन दमन गर्न लाग्नेहरू नै रातारात काङ्ग्रेस बनेको देख्दा !

पूर्व–दक्षिणतिरको कौडे लेक, उत्तरतिर शिरको श्रीनगर र बगनास, पश्चिमतिर मस्याम जन्तीलुङजस्ता डाँडाकाँडा पनि कताकता लज्जित भएजस्तै लाग्यो। आकाशका चम्किला सूर्य पनि मलिन अनुहार लिएर ‘कुरीकुरी !’ भनेझैँ अनुभूत भयो। ●